मिति २०८१/०७/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. १

बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना बुटवल रुपन्देहीको च.नं. ३७ मिति २०८१/०६/१८ गतेको प्राप्त पत्रानुसार पूर्व पश्चिम लोकमार्गको बुटवल देखि कोठी नदी सम्म २५ कि.मि. सडक स्तरउन्तीको लागि Upgrading of Butwal- Gorusinge-Chandrauta Road and Bridge (Ch: 590+000 KM - 615+000 KM) Contract No ACCESS-DOR-W-BGC-ICB-1 (LOT-1) को निर्माण कार्य गर्न ठेक्का व्यवस्थापन हुँदा निर्माण व्यवसायी श्री SCECG-ANS J.V. को बोलपत्र स्वीकृत भएको र उक्त निर्माण व्यवसायीले यकिन गरेका तपसिलमा उल्लेखित स्थानहरुमा Crusher Plant, Mobile Plant, Asphalt Plant, Batching Plant / Precast Yard राख्न र.सञ्चालन गर्न SCECG-ANS J.V. लाई अनुमति दिने र भाडा लिने सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था नभएकोले सोको भाडादर निर्धारण तथा आवश्यक सहयोग र समन्वयको लागि जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा लेखी पठाउने निर्णय गरियो ।

तपसिल

| S.N. | Chainage | Location | Plants | Remarks |
|---|---|---|---|---|
| 1. | 598+600 | Bankatta, Right hand side of Highway | Batching Plants, Precast Yard | |
| 2. | 605+720 | Approx 1.5-2 KM on South Direction From Colony Chock Land of Sainamaina Municipality (औधोगिक ग्राम) | CrusherPlant, Asphalt Plant | |
| 3. | 611+000 | Approx 300 M. at right hand side from Saljhandi Chock | Batching Plant | |

## निर्णय नं. २

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ९८ मिति २०८१/०६/१४ गतेको सुझाव कार्यान्वयन सम्बन्धी पत्रमा उल्लेख भए बमोजिमको सुझाव कार्यान्वयन सम्बन्धमा छलफल गरी उक्त सुझाव कडाइका साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

आयल ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/०७/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. ३

Nexus Cricket Academy Kageswari Manihara 9 काठमाडौंले सिद्धार्थ रंगशाला भैरहवामा आयोजना हुने वि.पि. कोइराला स्मृति कप टी २० क्रिकेट प्रतियोगिताको लागि रु १०००००। सामाजिक सहायता शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ४

सैनामैना नगरपालिका वडा नं. २ मा बोलवम पार्क पहुँच मार्ग एवं अन्य पूर्वाधार निर्माण को लागि प्रदेश सरकार समपुरक अनुदान तर्फको योजनामा लागत अनुमान तयार गर्ने क्रममा रु २३७०००। रकम नपुग भएकोले नपुग रकम समपुरक कोषबाट नगर प्रमुख स्तरीय निर्णयबाट श्रोत सुनिश्चितता गरी योजनाको ठेक्का बन्दोवस्तको प्रक्रियामा रहेको हुँदा उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

सैनामैना नगरपालिका क्षेत्रभित्र दिपावली छठ तथा नेपाल सम्बतको अवसरमा स्थानीय प्राकृतिक फुलमालालाई प्रोत्साहन गर्ने उद्देश्यले प्लास्टिकजन्य मालाहरुको प्रयोगलाई पूर्ण रुपमा निषेध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

नदीजन्य पदार्थ निकाशी सडक मर्मत शिर्षकबाट गत वर्ष नदीजन्य पदार्थ निकाशी भएका तपसिलका वडामा तपसिलको रकम विनियोजन गर्ने निर्णय गरियो ।

१. वडा नं. ३ — रु ३०००००

२. वडा नं. १० — रु २६५०००

३. वडा नं. ११ — रु. ५०५०००

## निर्णय नं. ७

बनकट्टा अधुरो कवर्ड हल निर्माण सैनामैना १ मा लुम्बिनी प्रदेश सरकार हस्तान्तरित कार्यक्रम अन्तर्गत रु १० लाख विनियोजन भएकोमा नपुग हुने रु २५३९८१.५७

मिति २०८१/०७/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

वडा नं. १ को वडा स्तरीय मोटरबाटो मर्मत सम्भार शिर्षकबाट श्रोत सुनिश्चता गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

सैनामैना नगरपालिका अन्तर्गतका तपसिलका नदीहरुमा थुप्रिएको नदीजन्य पदार्थले जोखिम बढ्ने र विपद निम्तने उच्च सम्भावना भएकोले नदीजन्य पदार्थ निकाशीको अनुमतीको लागि जिल्ला विपद व्यवस्थापन समिति रुपन्देहीमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

१. ईंगुरीया नदी सैनामैना नगरपालिका वडा नं. ६,८ र ९ - ३१०६३.८५ घ.मि.

२. घमाहा नदी वडा नं. ३ - २५८१ घनमिटर

## निर्णय नं. ९

नेपाल रेडक्रस सोसाइटी सँगको साझेदारीमा सञ्चालित सुपर परियोजनाबाट नगरको विपद व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी तपसिलका वइजनामा तपसिलको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्रं.सं. | योजनाको नाम | नगरपालिका रु | परियोजना रु | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | दानव नदी कर्साघाटमा तटबन्धन सैनामैना १ | २७५००० | २७५००० | ५५०००० | |
| २ | हरियाली टोल अन्तर्गत उपल्लो मुर्धनीमा सुरक्षित आवतजावतलाईसडक स्तरउन्नती सैनामैना २ | २७५००० | २७५००० | ५५०००० | |
| ३ | हाटबजार टोलमा | २७५००० | २७५००० | ५५०००० | |

निर्णय प्रमाणित

खगेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

सैनामैना नगर कार्यपालिकाको कार्यालय
रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

मिति २०८१/०७/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| | कल्भर्ट निर्माण सैनामैना ३ | | | | |
| ४ | प्रगतिटोल र राधाकृष्ण टोलसिमानामा नाली तथा कल्भर्ट निर्माण सैनामैना ४ | २७५००० | २७५००० | ५५०००० | |
| ५ | रामापुर टोल पश्चिम ईंगुरिया नदीमा तटबन्धन सैनामकैना ८ | २७५००० | २७५००० | ५५०००० | |
| ६ | शंकरपुर भरैया टोल ईंगुरिया नदीमा तटबन्धन सैनामैना ९ | २७५००० | २७५००० | ५५०००० | |
| | जम्मा रु | १६५०००० | १६५०००० | ३३००००० | |

## निर्णय नं. १०

नगरपालिका र वडा कार्यालयको लागि आवश्यक विद्युतीय हाजिरी मेशिन मेशीनरी औजार शिर्षकबाट खरिद गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११

जिल्ला समन्वय समितिको कार्यालय रुपन्देही र यस नगरपालिकाको लागत साझेदारीमा सञ्चालन हुने गरी तपसिलका योजना छनौट गर्ने र कार्यविधि बमोजिमको ४० प्रतिशत रकम नगरपालिकाको समपुरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम र स्थान | जिल्ला समन्वय समिति रु | नगरपालिका रु | जम्मा रु |
|---|---|---|---|---|
| १ | २ र ३ नं. वडा कार्यालय पर्खाल, | २०३१००० | १३५४००० | ३३८५००० |

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

कपिलेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/०७/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| | पेभिङ तथा अन्य पूर्वाधार निर्माण सैनामैना २ र ३ | | | |
| २ | नगरपालिका प्रशासनिक भवन इन्टेरियर पूर्वाधार | ३००००० | २००००० | ५००००० |
| ३ | ६ नं. वडा कार्यालय पर्खाल, पेभिङ तथा अन्य पूर्वाधार निर्माण सैनामैना ६ | ३९५४०० | २६३६०० | ६५९००० |
| ४ | ७ नं. वडा कार्यालय पर्खाल, पेभिङ तथा अन्य पूर्वाधार निर्माण सैनामैना ७ | ६९७२०० | ४६४८०० | ११६२००० |
| ५ | ११ नं. वडा कार्यालय तथा स्वास्थ्य चौकी पेभिङ तथा अन्य पूर्वाधार निर्माण सैनामैना ११ | ७९९२०० | ५३२८०० | १३३२००० |
| ६ | आधारभूत स्वास्थ्य केन्द्र पेभिङ तथा अन्य पूर्वाधार सैनामैना १ | ८२०८०० | ५४७२०० | १३६८००० |
| ७ | दुधराक्ष बर्थिङ सेन्टर फर्निचर तथा पर्खाल निर्माण | १०८१२०० | ७२०८०० | १८०२००० |
| ८ | रामापुर मा.वि. पर्खाल तथा अन्य पूर्वाधार निर्माण सैनामैना ६ | ६२५२०० | ४१६८०० | १०४२००० |
| | जम्मा | ६७५०००० | ४५००००० | ११२५०००० |

निर्णय नं. १२

सैनामैना नगरपालिका वडा नं. ११ पहिला खोला तटबन्ध गर्दा भएको खर्च रु ६००००। वडा नं. ११ ले प्राप्त गर्ने नदीजन्य पदार्थ निकाशी हुने सडक मर्मत शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

नेपाल विद्युत प्राधिकरणको मुर्गिया फ्यूल सेन्टरलाई बढीका रु २०००००। ननाघ्ने गरी लागत अनुमान अनुसारको रकम मागमा आधारित पूर्वाधार निर्माण शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/०७/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

सैनामैना नगरपालिका अन्तर्गत वडा नं. ६ ईंगुरिया नदी च्यानलाइज गर्दा लागेको रकम रु १०००००। विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

सैनामैना नगरपालिका अन्तर्गत रहेका विभिन्न संघ संस्था तथा व्यक्तिहरुको सहयोगमा सालझण्डी स्वास्थ्य चौकी भवन निर्माणको लागि यस सैनामैना नगरपालिका वडा नं. ११ बस्ने टेकनारायण रेग्मीको नाममा दर्ता रहेको साविक गजेडी ३क कित्ता नं. ४०३ को जम्मा ०-५-१७ क्षेत्रफल मध्ये उत्तर पूर्व तर्फबाट ०-२-० क्षेत्रफल जग्गा नगरपालिकालाई दिनको लागि जग्गाधनी टेकनारायणा रेग्मीले निवेदन दिएकोले उक्त जग्गा नगरपालिकाको नाममा ग्रहण गर्ने निर्णय गरियो ।

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख